# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः ०७ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज निर्वाचन आयोगले चार अधिकारीहरूलाई निलम्बन गरेकोमा कडा आपत्ति जनाउनु भएको छ।

केन्द्रीय स्वास्थ्य मन्त्री तथा भाजपा अध्यक्ष जगत प्रकाश नड्डाले पश्चिम बंगालका विपक्षी नेता शुभेन्दु अधिकारीमाथि तृणमूल कांग्रेसका कार्यकर्ताहरूले गरेको कथित हमलाको निन्दा गर्नु भएको छ।

विश्वकवि रवीन्द्रनाथ टैगोरको पुण्यतिथिमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले उनलाई श्रद्धाञ्जली अर्पण गर्नु भएको छ।

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले यस वर्ष पहाडका चिया श्रमिकहरुलाई वितरण गरिने पुजा बोनस 20% भन्दा कम प्रतिशतले कुनै पनि हालतमा स्वीकार नगर्ने पार्टी अध्यक्ष अनित थापाले बताउनु भएको छ।

मिरिकमा 79 औ स्वतन्त्रता दिवस जीटीएका मुख्य कार्यपाल अनित थापाको प्रमुख उपस्थितिमा पालन गरिने भएको छ I

**<u>ममता ब्यानर्जी</u>**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज निर्वाचन आयोगले चार अधिकारीहरूलाई निलम्बन गरेकोमा कडा आपत्ति जनाउनु भएको छ। उहाले आफ्नो सरकार आफ्ना कर्मचारीहरूको साथमा उभिएको र आयोगलाई निर्वाचनको घोषणा पछि मात्र यो अधिकार प्राप्त हुने बताउनु भएको छ। सरकारी योजना वितरण कार्यक्रममा बोल्नु हुदै मुख्यमंत्री ममता बनर्जीले भन्नु भयो , "चुनाव आयोगले कुन नियम अन्तर्गत यो कारबाही गरिरहेको छ? संविधानमा त्यस्तो कुनै प्रावधान छैन। उहाले चुनावको लागि अझै समय रहेको र एनआरसीको नाममा तर्साउन खोजिरहेको बताउनु भयो I उहाले, आयोगले मतदाता सूचीको विशेष गहन संशोधनको बहानामा वास्तविक मतदाताहरूको नाम हटाउने षड्यन्त्र गरिरहेको। स्मरण रहोस , निर्वाचन आयोगले गत मंगलबार दुई जिल्लामा मतदाता सूची तयार गर्न गम्भीर लापरवाही गरेकोमा दुई इलेक्टोरल रजिस्ट्रेशन अफिसर (ईआरओ), दुई सहायक ईआरओ र राज्य सरकारका एक डाटा एन्ट्री अपरेटरलाई निलम्बन गर्ने आदेश दिएको छ। यसका साथै, तिनीहरू सबै विरुद्ध एफआईआर दर्ता गर्न निर्देशन पनि जारी गरिएको छ।

**<u>मुख्यमंत्री ममता - बंगला भाषा</u>**

पश्चिम बंगालमा टिएमसीले भाषा आन्दोलन शुरू गरेको छ। एक जनसभालाई संबोधित गदै बांग्ला भाषा बोल्न बंगलादेशी तथा अल्चिकी बोल्दै रोहिंग्याको संज्ञा दिइन्दैछ भन्दै यसलाई कसै गरी पनि स्वीकार नगरिने सुश्री व्यानर्जीले बताउनुभयो। उहाँले भन्नुभयो

**<u>बाईट</u>**

***बांग्ला भाषासित कुनै सम्झौता गरिने छैन। उहाँले विभिन्न राज्यहरूमा वैध पहिचान खेज्ने काम बीजेपी का सरकारहरूले गरिरहेको छन्। उहाँले यसैलाई आधार बनाउँदै बंगलाभाषा बोल्ने एक विशेष समुदायलाई हिरासतमा लिन्दै बंगलादेश फर्काउने काम गरिन्दैछ। अल्चिकी भाषा बोल्दै एक रोहिंग्याको संज्ञा दिन्दै हिरासता लिईन्दैछ भन्नुभयो। उहाँले सन् १९७२ को भारत- पाक युद्ध यता भारत आउने सबै बांगलादेशीहरू भारतीय नागरिकहरू भएको बताउनुभयो। अर्कोतिर भाजपाका विधायक तथा विधानसभामा विपक्षी नेता शुभेन्दु अधिकारीले भन्नुभएको छ- मुख्यमंत्री ममता व्यानर्जी***

***तथा उनको पार्टी टिएमसी लाई अवैध बंगलादेशी मुस्लिमहरू अनि रोहिंग्याहरूको चिन्ता छ। ममता ब्यानर्जीजलाई बंगली र बाग्लाभाषी सित कुनै वास्ता छैन, केवल सत्ता र भोटको सुर्ता भन्नुभयो***

**रवीन्द्रनाथ टैगोर- मुख्यमन्त्री**

विश्वकवि रवीन्द्रनाथ टैगोरको पुण्यतिथिमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले उनलाई श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। मुख्यमन्त्रीले शोसल मिडियामा पोस्टमा गुरुदेवलाई "हाम्रो प्राणको ठाकुर" भनेर सम्झना गर्नु हुदै आजको समयमा पनि उनका विचारहरू अझ सान्दर्भिक रहेको बताउनु भयो। मुख्यमन्त्रीले आफ्नो सन्देशमा लेख्नु भएको छ, गुरुदेव हाम्रो वरिपरि हरेक दिन, हरेक क्षण उपस्थित छन्। आज, जब मानिसहरूलाई बंगाली भाषा बोलेको कारणले मात्र आक्रमण भइरहेको छ, त्यो रवीन्द्रनाथ टैगोर हो जसले हामीलाई संघर्ष गर्न प्रेरित गर्नु हुन्छ। मुख्यमन्त्रीले बंगाली भाषामाथि भएको कथित आक्रमणप्रति चिन्ता पनि व्यक्त गर्नु भयो।

**बोनस अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले यस वर्ष पहाडका चिया श्रमिकहरुलाई वितरण गरिने पुजा बोनस 20% भन्दा कम प्रतिशतले कुनै पनि हालतमा स्वीकार नगर्ने पार्टी अध्यक्ष अनित थापाले बताउनु भएको छ। आज पार्टीको पार्टीको ट्रेड युनियन सँगको बैठकपछि एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै श्री थापाले यदि २० प्रतिशत भन्दा मुनिको बोनस विषयको चर्चा हुन्छ भने ट्रेड युनियनले बैठकमा भाग नलिने बताउनु भएको छ I उहाले भन्नु भएको छ, मैले ट्रेडका नेतृत्वहरुलाई निर्देशन दिएको छु कि हाम्रो आवाज श्रमीकको पक्षको हुनुपर्छ। श्रमीकको हक अनि अधिकारको आवाज बन्नु नै ट्रेड युनियनको धर्म र जिम्मेवारी हो। राजनीति देखि माथि उक्लेर हक अनि अधिकारको माग गर्नुपर्छ। तब श्रमिकले निर्धक्क भएर कमानमा काम गर्नेछन्।

***उहाले चियाबगान मालिक पक्षलाई २० प्रतिशत बोनस चिया श्रमिकहरुको हक अनि अधिकार अधिकार रहेको कारण बोनसको समयमा कुनै प्रकारको आन्दोलन नहोस भन्दै श्रमिकहरुको खुशी कायम राख्ने सल्लाह दिनु भएको छ I यसका साथै उहाले मालिक पक्षले पनि हृदयबाट, मन खुशी राखेर श्रमिकलाई धन्यवाद दिंदै 20% बोनस दिने कुरोमा आफु आशावादी रहेको बताउनु भएको छ ।***

**सिलगढी- आगलागी**

सिलगढी नगर निगमको वार्ड नम्बर तीन गुरुङ बस्ती क्षेत्रमा एउटा फास्ट फूड दोकानमा आगलागी हुदा दोकान जलेर खरानी भएको जानकारी प्राप्त भएको छ I दोकानमा राखिएको ग्यास लिक हुदा आगलागी भएको हुन सकने अनुमान गरिएको छ I घटनमा दोकान पूर्ण रूपमा जले तापनि कसैको पनि हताहत भएको खबर छैन I स्थानीय मानिसहरुले जनाए अनुसार दोकानमा कम चलिरहेको समय अचानक ठुलो अवाजको साथमा आगलागी भएको त्थियो I त्यसपछि घटनाको जानकारी दमकल विभागलाई दिइएको थियो भने दमकल विभागको सक्रियतामा आगोलाई नियन्त्रणमा लिएको जानकारी प्राप्त भएको छ I घटनाको खबर पाएपछि सिलगढी नगर निगमका मेयर गौतम देव, वार्ड पार्षद रामभजन महतो अनि बोरो चेयरमेन गार्गी चटर्जीले घटनास्थलको जायजा लिए I यता मेयर गौतम देवले घटनाको प्राथमिक जाचपछि ग्यास लिक भएपछि आगलागी भएको थाहा लागको बताउनु भएको छ भने नगर निगमले यस घटनाको जाच गर्ने पनि बताउनु भएको छ I यसका साथै उहाले नगर निगमले व्यवसायीहरुलाई पहिलादेखि नै फायर सेफ्टी नियमको पालन गर्ने सल्लाह दिदै आएको र आगामी दिनमा यसबारे अझ कठोरताको साथमा कदम चाल्ने बताउनु भएको छ I

**स्वतन्त्रता दिवस -मिरिक**

मिरिकमा यस वर्ष पनि भव्यताको साथमा 79 औ स्वतन्त्रता दिवस पालन गरिने भएको छ I जीटीए स्वास्थ्य एव परिवार जन कल्याण विभागका सभासद अरुण सिगचीले स्वतन्त्रता दिवसको प्रमुख अथिति गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा रहने जानकारी गराउनु भएको छ I उहाले स्वतन्त्रता दिवस समारोहलाई लिएर हाल युद्धस्तरमा तयारी चलिरहेको बताउनु हुदै कतिपय कार्यक्रमहरु शुरू भइसकेको पनि बताउनु भयो I उहाले कार्यक्रममा मिरिक महकुमा क्षेत्रका सम्पूर्ण

विद्यालयहरुले विभिन्न प्रतियोगिताहरुमा अंश ग्रहण गर्ने बताउनु भयो I यसका साथै यस वर्ष मिरिक क्षेत्रमा आफ्नो ५० औ वार्षिक उत्सव मनाइरहेको दुईवटा विद्यालयलाई मिरिक रत्न पुरस्कारले पुरस्कृत गरिने पनि जानकारी गराउनु भएको छ I

**भाषा दिवस**

मिरिकमा ३३ औँ नेपाली भाषा मान्यता दिवस आगामी २४ अगस्तको दिन भव्यताको साथ मनाइने जानकारी प्राप्त भएको छ। विशेष गरेर २० अगस्तबाट नै विविध अभियानका साथ शृङ्खलाबद्ध रुपमा कार्यक्रमको आयोजना गरिने आयोजक समितिका सचिव अजित विश्वले बताउनु भयो। उहाले यो कार्यक्रम गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको सूचना अनि संस्कृति विभाग मिरिक एवम् ३३ औँ नेपाली भाषा दिवस समारोह समिति मिरिकको संयुक्त आयोजनामा सम्पन्न गरिने पनि जानकारी दिनु भएको छ ।

**खरसाङ द्वारे सरकार**

खरसाङ नगरपालिका क्षेत्रमा यस वर्षको पहिलो "दैलोमा सरकार" (द्वारे सरकार) शिविर आज खरसाङको मध्य डुमाराम, वार्ड नम्बर ४ स्थित त्रिशुली संघ भवनमा सम्पन्न भयो। शिविरमा खरसाङ महकुमा अधिकारी बिन्दाबासिनी तेजा दीपकको मुख्य रूपमा उपस्थिति रहेको थियो। शिविरको मुख्य आकर्षण कार्यक्रम "हाम्रो गाउँ, हाम्रो समाधान" अन्तर्गत राज्य सरकारले प्रत्येक बुथलाई १० लाख रुपियाको अनुदान प्रदान गर्ने घोषणा थियो। यस घोषणाले बुथवासीहरूलाई प्रत्यक्ष लाभ पुगेको भन्दै उपस्थित स्थानीय बासिन्दाहरूले राज्य सरकार तथा सम्बन्धित निकायप्रति आभार व्यक्त गरे। आजको शिविरमा बुथ संख्या १८९, १९० र १९१ का प्रतिनिधिहरूलाई समावेश गरिएको थियो। शिविरमा वार्डवासीहरूले आ-आफ्नो क्षेत्रमा विद्यमान समस्याहरूबारे प्रत्यक्ष रूपमा अधिकारीहरूलाई जानकारी गराए।

**नड्डा- शुभेन्दु हमला**

केन्द्रीय स्वास्थ्य मन्त्री तथा भाजपा अध्यक्ष जगत प्रकाश नड्डाले पश्चिम बंगालका विपक्षी नेता शुभेन्दु अधिकारीमाथि तृणमूल कांग्रेसका कार्यकर्ताहरूले गरेको कथित हमलाको निन्दा गर्नु भएको छ । एक सोशल मीडिया पोस्टमा श्री नड्डाले यस हमलालाई लोकतन्त्र माथिको हमला हो भनि बताउनु भयो । उहाँले भन्नुभयो राज्यको पुलिसको उपस्थितिमा यो हमला भएको थियो। यो हमला ममता बनर्जी सरकारको नेतृत्वमा कानून व्यवस्थाको पूर्ण ध्वस्तताको परिचायक हो।भाजपा अध्यक्षले थप भन्नुभयो पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीलाई राज्यमा भएको अराजकता र राजनीतिक हिंसाको लागि जवाफदेही ठहर गराउनु पर्छ।

**सिंहलिला**

सिंहलिला पर्यावरण संरक्षण समितिले आज लोधोमा–२ ग्राम पंचायत अन्तर्गत रिन्जीपुल नजिक निर्माण गरिएको पार्क परिसरमा सुन्दरीकरण, सरसफाइ अनि वृक्ष रोपण अभियान सञ्चालन गरेको छ। यो पार्क अहिले पर्यटनको केन्द्र बनिदै गइरहेको छ। समितिका पदाधिकारीगण लगायत सदस्यहरू उपस्थित रहेर गरिएको यस अभियान अन्तर्गत मोठ ३७ वटा धुपीको रूख रोपिएको , जसले यस स्थलको आकर्षण र हरियालीलाई बढावा दिने भएको समितिले जनाएको छ।

**सुके पोखरी**

सुके पोखरी अस्पताल स्वास्थ विभागको आयोजना साथै दार्जीलिङ जिल्ला कानूनी सेवा प्राधिकरण DLSA को सह आयोजनामा आज सोनादा होली क्रस कन्या उत्तर माध्यमिक बिद्यालयमा स्वस्थ लगायत कानुनी सचेतना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा बिद्यालयका विद्यार्थीहरु लगायत शिक्षिकाहरु साथै सामाजिक संघ संस्थाका प्रतिनिधिहरुको व्यापकरुपमा उपस्तिथी रहेको थियो। यस जनचेतना कार्यक्रममा डीएलएसएका सचिव न्यायाधीश रुथ प्रिया खाइबो,अधिवक्ता जयन्ति देवान, सोनादा

थाना प्रभारी योगेश ठकुरी, सुखिया पोखर खण्ड प्राथमिक स्वाथ्य केन्द्रका बीएमओएच  लगायत उपस्तिथ  अधिकारिहरुले विभिन्न बिषयमाथि जानकारी प्रदान गरेको अधिवक्ता जयन्ति देवानले जनाउनु भएको छ।

****** ० ******